14. ठेक्का संझौताको म्याद संझौता भएका मितिले चार वर्षका लागि हुनेछ र दुई वर्ष व्यतित भएपछि यस संझौता बमोजिमको ठेक्का रकम स्वत: १० प्रतिशत वृद्धि हुनेछ । साथै साविकमा बसिरहेका भाडावालाहरुलाई पसल खाली गराउने वा समन्वय गर्ने प्रयोजनका लागि बोलपत्र स्वीकृत भएका मितिले ३५ दिन तयारी म्याद कटाएर मात्र कायदिश दिइने छ ।

15. पूरानो ठेकेदार/फर्महरुलाई सम्झौता अनुसार पूरै रकम ( बहाल /भाडा रकम र विजुलीको विल) तिरेको प्रमाण सहित पेश भएका हाल पसल/सटर बहालमा लिने व्यक्ती/फर्महरुलाई सोही स्थानमा प्राथमिकता दिन सकिने छ ।

16. स्वीकृत बोलपत्रदाता ठेकेदारले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुने छैन ।

17. स्वीकृत बोलपत्रदाता ठेकेदारले आफूले बहालमा लिएको ब्लक अरुलाई बहालमा दिएको अवस्थामा त्यस्तो बहाल असुल गर्ने दायित्व स्वीकृत बोलपत्रदाताको ठेकेदारको हुनेछ ।त्यसमा यस कार्यालयको कुनै जिम्मेवारी रहने छैन ।

18. बहालमा लिएको ब्लकमा प्रयोग हुने पानी, बिजुली लगायतका सुविधाको विल बमोजिमको महशुल आदि बुझाउने दायित्व स्वीकृत ठेकेदारको रहने छ ।यदी आर्थिक वर्षभित्र पूरै रकम भुक्तानी नगरेमा बाँकी बक्यौता बैंक ग्यारेन्टीबाट असूल - उपर गरिनेछ ।

19. नेपाल सरकारबाट प्राप्त ठेक्का सम्बन्धी निर्देशन तथा समय-समयमा यस कार्यालयबाट दिइने निर्देशन पालना गर्नु स्वीकृत बोलपत्रदाता ठेकेदारको दायित्व हुनेछ । साथै कार्यालयलाई आवश्यक भई संझौतामा उल्लेखित सबै वा कुनै खण्ड खाली गर्न निर्देशन भएमा त्यस्तो निर्देशन प्राप्त भएका मितिले ३५ दिन भित्र त्यस्तो खण्ड खाली गरिदिनुपर्ने छ ।

20. ठेक्का संझौताका विषयमा कुनै विवाद भएमा यस कार्यलयले गरेको निर्णय मान्य हुनेछ ।

21. कुनै पनि बोलपत्र बिनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाएका ब्यक्ति /फर्मको बोलपत्र स्वत: अस्विकृत हुनेछ ।

<u>ठेक्का सम्बन्धी विवरण</u>

| सि.नं. | ठेक्का संकेत नं. | ठेक्काको विषय क्षेत्र | मासिक न्यूनतम मूल्य रु | धरौटी रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | रा ४ /२०७९/८० | ब्लक"क":- सामूदायिक भवनको भुइतल्लाका सबै सटर तथा भर्याङ्ग मुनीको भाग समेत | १,१०,०००/- | ६६,०००/- | |
| २ | रा ५ /२०७९/८० | ब्लक"ख":- पुरानो सपिङ्ग कम्प्लेक्सको पूर्वतर्फको र पश्चिमतर्फको शौचालयसंगैको १-१ सटरबाहेकका सबै सटर / कोठा तथा भर्याङ्ग मुनीको भाग समेत | ४,४१,४१५/- | २,६४,८४९/- | |
| ३ | रा ६ /२०७९/८० | ब्लक"ग":- नयाँ सपिङ्ग कम्प्लेक्स भवन ए (पूर्वतर्फ)को शौचालयसंगैको १ कोठा बाहेकको बाँकी सबै सटर तथा भर्याङ्ग मुनीको भाग समेत | ३,२४,९४७/- | १,९४,९६९/- | |
| ४ | रा ७ /२०७९/८० | ब्लक"घ":- नयाँ सपिङ्ग कम्प्लेक्स भवन बि (पश्चिमतर्फ)को पश्चिम पट्टीको १ कोठाबाहेकको बाँकी सबै सटर/ कोठाहरु तथा भर्याङ्ग मुनीको भाग समेत | १,७४,१६६/- | १,०४,५००/- | |
| ५ | रा ८ /२०७९/८० | ब्लक"ङ":-साबिकको ६ नं. वडा कार्यालय भवनको पछाडीको कोठा खाली गराउने गरी पूर्वतर्फको सटर | १६,५००/- | ९,९००/- | |
| ६ | रा ९ /२०७९/८० | ब्लक"च":- बसपार्क भित्रको ग्यारेज | ३५,९७०/- | २१,५८२/- | |

श्री IT Department,

यो सूचना तुरुन्त यस नगरपालिकाको आधिकारिक वेभसाइट www.banepamun.gov.np र यस नगरपालिकाको आधिकारिक Facebook Page मा Upload गर्नुहुन,

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## भवन / सटर / कवलहरु बहालमा दिने सम्बन्धी बोलपत्र आवहानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०३/२४

बनेपा नगरपालिकाको मिति २०७९/०३/२३ गतेको निर्णयानुसार बनेपा नगरपालिकाको स्वामित्वमा रहेका तपशिलमा उल्लेखित भवन/ सटर/ कवलहरु बहालमा दिनुपर्ने भएकाले योग्य इच्छुक नेपाली नागरिक वा दर्तावाल कम्पनी वा फर्मले देहायको सर्तहरुको अधिनमा रहि शिलबन्दी बोलपत्र दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

-:शर्तहरु:-

1. शिलबन्दी बोलपत्र बनेपा नगरपालिकाको राजश्व शाखाबाट रु १,०००/- (पछी फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ ।
2. यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले तिसौं दिन ( मिति २०७९/०४/२२) कार्यालय समय सम्ममा बोलपत्र फारम खरिद गर्न र एकतिसौं दिन( मिति २०७९/०४/२३) दिनको २:०० बजे भित्रमा बनेपा नगरपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ । साथै दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:१५ बजे यस कार्यालयमा खोलिने छ ।
3. बोलपत्र प्रस्तुतकर्ताले नेपाली नागरिकता प्रमाणपत्र संस्था दर्ता तथा नविकरणको प्रमाणपत्र , मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र २०७८/७९ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।
4. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने वा खोल्ने दिन विदा परेमा क्रमश सोको भोलिपल्ट हुनेछ ।
5. बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि कुनै बाधा पर्ने छैन ।
6. बोलपत्रदाताले आफूले कबोल गरेको बार्षिक रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको अंकलाई मान्यता दिइने छ ।
7. बोलपत्र दाताले आफूले लिन चाहेको भवन/सटर/कवलको न्यूनतम मासिक बहालले हुन आउने एक वर्षको जम्मा बहाल रकमको पाँच प्रतिशत रकम (तल ठेक्काको विवरणमा उल्लेख गरिएको) धरौटीको रुपमा यस कार्यायको नेपाल बैंक लिमिटेड, बनेपा शाखामा रहेको धरौटी खाता नं ०१५०३००००००३०००००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीको रुपमा बोलपत्रका साथ समाबेश गरेको हुनुपर्ने छ ।
8. स्वीकृत बोलपत्रदाताले वार्षिक कबोल गरेको कुल रकमको एक सय पच्चिस-प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट मिति २०८० साल असोज पन्ध्र गते सम्मको लागि जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ । यदी सम्झौता बमोजिम समयमा किस्ता रकम नबुझाएमा आर्थिक वर्षको अन्त्य हुनुभन्दा १० दिन अगाडी यसरी राखिएको बैंक ग्यारेन्टी रोक्का राखी लिनु उठाउने रकम असुल उपर गरिने छ ।
9. सम्झौता अवधिभर आर्थिक वर्ष शुरु भएको १० दिनभित्र सो आर्थिक वर्षको लागि कबोल गरेको रकमको वार्षिक अंकको एक सय पच्चिस प्रतिशत रकमको आगामी आ.व.को साउन १५ को मिति सम्म समय भएको बैंक ग्यारेन्टी प्रस्तुत गर्नुपर्नेछ ।
10. स्वीकृत बोलपत्रदातालाई संम्झौताका लागि दिएको म्याद भित्र उपस्थित भई संझौता नगरेमा राखिएको धरौटी जफत हुनेछ ।
11. प्रत्येक ब्लकका लागि छुट्टा - छुट्टै बोलपत्र पेश गर्नुपर्नेछ । एउटै बोलपत्रबाट एक भन्दा बढी ब्लकमा सहभागी हुन पाइने छैन ।
12. स्वीकृत बोलपत्रदाताले राखेको धरौटी संझौता अवधि भरका लागि धरौटीको रुपमा रहने छ ।
13. ठेक्का बन्दोबस्त भए गरेका कारण प्रचलित कानून बमोजिम तिर्नु बुझाउनुपर्ने कर दस्तुर स्वीकृत बोलपत्रदाता ठेकेदारले बुझाउनुपर्नेछ । यस प्रयोजनका लागि प्रत्येक वर्षको असोज महिना भित्र कर चुक्ता गरेको निस्सा यस कार्यालयमा पेश गर्ने दायित्व स्वीकृत ठेकेदारको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner